# सुनिलस्मृति गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः ८ संख्याः ४ मितिः २०८१।०४।३०

## भाग-२

## सुनिलस्मृति गाउँपालिकाको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्पर्क व्यक्ति (GESI Focal Person) को कार्यविवरण

**प्रस्तावनाः**

सुनिलस्मृति गाउँपालिकामा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्वन्धी कार्य गर्ने गरी लैङ्गिक सम्पर्क व्यक्ति (GESI Focal Person) कार्यपालिकाबाट तोकिनेछ । लैससास सम्पर्क व्यक्तिले संस्थागत रुपमा

गाउँपालिकाको लैससास शाखाको प्रतिनिधित्व गर्नेछ । सम्पर्क व्यक्तिको कार्यविवरण देहाय बमोजिम हुनेछ ।

१. गाउँपालिकाको हरेक क्रियाकलाप, सेवा सुविधा र संस्थागत व्यवस्थामा लैससास मूलप्रवाहीकरण गर्न वकालत गर्ने, बहस गर्ने, क्षमता अभिवृद्धि गर्ने, प्राविधिक सहयोग गर्ने र आवश्यकता अनुसार गठित समूह, समितिमा लैससास मूलप्रवाहीकरणका सवाल उठाउने र समाधान गर्न पहल गर्ने।
२. लैससासमैत्री गाउँपालिकाको संस्थागत व्यवस्था, सुदृढीकरण र विस्तार तथा लैससास मैत्री पूर्वाधार विकास गर्न सहयोग गर्ने ।
३. लैससासमैत्री वातावरण प्रवर्द्धन गर्न आचारसंहिता तयार गरी कार्यान्वयन गर्ने ।
४. लैससास विश्लेषण गरी समस्याहरू निक्यौंल गरी पहिचान भएका समस्या समाधान गर्न सहयोग गर्ने ।
५. लैससास उत्तरदायी सेवा प्रवाह गर्न सबै विभाग, कार्यालय, शाखा, उपशाखाहरूसँग आवश्यक समन्वय, सहकार्य र सहजीकरण गर्ने ।
६. लैससास मूलप्रवाहीकरण गर्न मानवीय स्रोतको विश्लेषण गरी आवश्यक जनशक्ति तयार पार्न योजना तथा बजेटको व्यवस्था सहित क्षमता विकास कार्य गर्ने ।

७. गाउँपालिकाले तर्जुमा गर्ने नीति, ऐन, कानुन, आवधिक योजना, विषयगत तथा क्षेत्रगत योजना, पार्श्वचित्र र अन्य प्रकाशन वा दस्तावेजमा लैससासका विषयवस्तुहरू समावेश गरी मूलप्रवाहीकरण गर्न आवश्यक विषयवस्तुमा सल्लाह सुझाव दिनुका साथै प्राविधिक सहयोग गर्ने।

८. गाउँपालिकामा खण्डीकृत तथ्याङ्कको व्यवस्था गर्न, समयानुकुल अद्यावधिक गर्न र सो को प्रयोग गरी योजनाहरू तयार पार्न प्राविधिक सहयोग गर्ने ।

९. गाउँपालिकाको योजना तथा बजेट तर्जुमा गर्दा लैससासका समस्या विश्लेषण गरी प्रमाण र तथ्याङ्कका आधारमा लैङ्गिकतामा आधारित विभेद, हिंसा, विपन्नता र गरीविको समस्या समाधान गर्न लैङ्गिक उत्तरदायी योजना तथा बजेट बनाउन प्राविधिक सहयोग गर्ने ।

१०. गाउँपालिकाको सेवा महिला, विपन्न वर्ग, अपाङ्गता भएका व्यक्तिहरू, ज्येष्ठ नागरिक, दलित तथा सिमान्तकृत समुदाय सम्म पु¥याउन पहल गर्ने साथै ती वर्गहरूको विकासका कार्यक्रमहरूमा पहुँच र फाइदा वितरणमा सुनिश्चितता ल्याउन नेतृत्वदायी भूमिका खेल्ने ।

११. गाउँपालिकाको लैससासको अवस्था विश्लेषण गरी योजना तर्जुमा, कार्यान्वयन, निरीक्षण, मूल्याङ्कन र

समीक्षा बैठकहरूमा छलफल गरी समाधानका उपायहरू निकाल्ने ।

१२. लैससासको तथ्याङ्क सङ्कलन तथा प्रतिवेदन तयार गरी सबै सरोकारवालाहरूलाई सचेत गराउने।

१३. लैससासमा कार्य गर्ने अरु संघसंस्थाहरूसँग समन्वय र सहकार्य गरी लैससास एकीकरण गर्न समूहगत रुपमा कार्य गर्ने ।

१४. लैससास परीक्षण र लैङ्गिक उत्तरदायी बजेट परीक्षण गर्न नेतृत्वदायी भूमिका खेल्ने र सुधारका कार्ययोजना र बजेट तयार गरी कार्यान्वयन गर्ने/गराउने ।

१५. गाउँपालिकामा लैससास उत्तरदायी बजेट विनियोजना र योजना तर्जुमा तथा कार्यक्रम कार्यान्वयन प्रक्रियामा समावेशी सहभागिता सुनिश्चित गर्न विषयगत शाखा, वडा तथा टोलबस्तीसँग समन्वय एवं सहजीकरण गर्ने ।

१६. कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहार र सबै प्रकारका विभेदहरू विरुद्ध शून्य सहनशीलता वृद्धि गर्न गाउँपालिका क्षेत्र भित्रका सबै निकाय वीच समन्वयकारी भूमिका निर्वाह गर्ने ।

१७. समुदायमा विद्यमान लैङ्गिक तथा घरेलु हिंसा, सामाजिक असमानता, हानीकारक मूल्यमान्यता र गलत

सामाजिक अभ्यास विरुद्ध अभियान सञ्चालन गर्न सरोकारवाला निकाय समक्ष समन्वय गर्ने ।

१८. लैङ्गिक हिंसा तथा घरेलु हिंसा विरुद्ध वकालत तथा प्रतिकार क्षमता अभिवृद्धि गरी शून्य सहनशीलता कायम गर्न आवश्यक कार्यक्रम तथा बजेट विनियोजन गर्न टोलबस्ती तथा वडाहरू र गाउँपालिकामा आवश्यक पहल तथा सहजीकरण गर्ने ।

१९. गाउँपालिकाकामा कार्यरत सबै कर्मचारी र जनप्रतिनिधीलाई लैससास मैत्री कार्य व्यवहार र संवेदनशीलता अभिवृद्धि गर्न लैससास अवधारणा स्पष्ट पार्न तालिम तथा अभिमुखीकरण सम्वन्धी कार्यक्रम माग गर्ने ।

२०. सूचना प्रविधि शाखासँग निकटतम् सम्वन्ध एवं समन्वय विस्तार गरी गाउँपालिकाको खण्डिकृत तथ्याङ्क सङ्कलन, विश्लेषण र अद्यावधिक गर्न आवश्यक सहयोग तथा सल्लाह सुझाव लिने।

२१. गाउँपालिकामा कार्यरत महिला कर्मचारी तथा सेवाग्राहीका लागि स्तनपान कक्ष, लैङ्गिकमैत्री शौचालय निर्माण, अपाङ्गमैत्री भौतिक पूर्वाधार, बालमैत्री संरचना निर्माणका लागि नियमित वकालत तथा पहल गर्ने ।

२२. गाउँपालिका अन्तर्गतका सबै कार्यस्थलमा सामान्यतः बोलीचालीको शव्द चयन वा भाषा प्रयोग गर्दा लैससास मैत्री शव्दहरूको प्रयोग र व्यवहार अवलम्वन गर्न सबै जनप्रतिनिधी तथा कर्मचारीहरूलाई अभिप्रेरित गर्ने ।

यी माथिका कार्यविवरण अनुसार कार्य गर्न पूर्ण अधिकार दिइने छ साथै कार्य भए नभएको मूल्याङ्कन बार्षिक रुपमा गरिनेछ ।

आज्ञाले
गोविन्द भट्टराई
प्रमुख प्रशासकीय अधिकृत